म्याग्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

आज मिति २०८० साल फाल्गुण १० गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री **आशा तामाङ** ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

1. अध्यक्ष- आशा तामाङ
2. उपाध्यक्ष- सीता तामाङ
3. सदस्य- जिमा बहादुर तामाङ
4. सदस्य- सन्द विर तामाङ
5. सदस्य- हरि बहादुर तामाङ
6. सदस्य- कमल बहादुर तामाङ
7. सदस्य- जित बहादुर तामाङ
8. सदस्य- हरि कुमार तामाङ
9. सदस्य- सरु घले
10. सदस्य- टेक राज घले
11. सदस्य- सम्झना तामाङ
12. सदस्य- सिंगराम घले
13. सदस्य- गंगा तामाङ
14. सदस्य- कमला तामाङ
15. सचिव- श्री नविन गङतान लामा (प्रमुख प्रशासकीय अधिकृत)

<u>आमन्त्रित:</u>

श्री विरेन्द्र तामाङ- सूचना प्रविधि अधिकृत -

**प्रस्ताव नं. १ – यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा।**

**निर्णय नं. १** – म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

**प्रस्ताव नं. २ – प्रदेश समपूरक अनुदान तथा विशेष अनुदान कार्यक्रम माग सम्बन्धमा।**

**निर्णय नं. २** - प्रस्ताव नं. २ उपर छलफल गर्दा बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा योजना मन्त्रालयको प.सं. १३/०८०/८१ च.नं. ५८० मिति २०८०/१०/०२ को प्राप्त पत्र बमोजिम यस पालिकाको लागि आगमी आर्थिक बर्ष२०८१/०८२ का लागि समपूरक अनुदान कार्यक्रम तर्फ देहायका आयोजनाहरु माग गर्ने भनी सर्वसम्मतीमा निर्णय गरियो।

**प्रदेश समपुरक अनुदान माग बजेट शीर्षक**

१. भञ्ज्याङभेदी भञ्ज्याङ हुँदै पुरनपानी पनेर टुँडी पार्क म्यागङ डाँडा जोड्ने सडक स्तरउन्नती, म्यागङ ६ – रु. २ करोड
२. डाङचेत बल्जुङ चाम्ना कृषि सडक स्तरउन्नती, म्यागङ ४- रु. २ करोड
३. खम्बा सिं पिपल डाँडा हुँदै चिउरीभञ्ज्याङ जोड्ने सडक स्तरउन्नती, म्यागङ ३ – रु. २ करोड
४. वडा नं. २ बुङताङ वडा कार्यालय भवन निर्माण, म्यागङ २- रु. २ करोड
५. टुँडी ऐतिहासिक पार्क निर्माण तथा सौन्दर्यीकरण- रु. २ करोड

साथै विशेष अनुदान कार्यक्रम अन्तर्गत देहायका आयोजनाहरु माग गर्ने भनी सर्व सम्मतीमा निर्णय गरियो।

**प्रदेश विशेष अनुदान माग बजेट शीर्षक**

१. सिमलसौरा स्वास्थ्य चौकी भवन निर्माण, म्यागङ ५- रु. २ करोड
२. म्यागङ ३ एक घर एक धारा खानेपानी आयोजना, म्यागङ ३ – रु. २ करोड
३. म्यागङ गाउँपालिका स्तरीय शैक्षिक सुधार कार्यक्रम – रु. २ करोड

**प्रस्ताव नं. ३ – आयोजना फरफारक तथा भुक्तानी सम्बन्धमा।**

**निर्णय नं. ३** - प्रस्ताव नं. ३ उपर छलफल गर्दा तपशिलका आयोजनाहरुको संचालन र सम्पन्नको संलग्न कागजत, वडाको सिफारिस, प्राविधिकको मूल्याङ्कन र पालिकास्तरीय अनुगमन समितिको प्रतिवेदनको अध्ययन तथा आवश्यक जाँचबुझ गरी योजनाहरुको फरफारक गर्ने निर्णय गरियो र भुक्तानीको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गरियो ।

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

**तपशिल:**

| क्र.सं. | योजनाको विवरण | बजेट रकम (रु.) | भुक्तानी रकम (रु.) |
|---|---|---|---|
| १. | कोमा गोरेटो बाटो निर्माण, म्यागङ ६ | 1,00,000 | प्राविधिक मुल्याङ्कन अनुसार |
| २. | फलाँटे नरसिंह डाँडा गोरेटो बाटो निर्माण, म्यागङ ६ | 1,50,000 | |
| ३. | मैवल कुनाटोल सिढी बाटो निर्माण, म्यागङ ६ | 1,00,000 | |
| ४. | गोरेम खोला हुँदै पठागाङ गोरेटो बाटो निर्माण, म्यागङ ६ | 1,00,000 | |
| ५. | गोरोम हुदै स्कुल डाँडा मकुदुङ सिढी निर्माण, म्यागङ ६ | 1,00,000 | |
| ६. | फलाँटे काली मन्दिर निर्माण, म्यागङ ६ | 1,00,000 | |
| ७. | मम्बाटोल देखि थोकर टोल जाने सिढी गोरेटो बाटो निर्माण, म्यागङ ६ | 1,50,000 | |
| ८. | खोजारोङको घर देखि गुम्बाडाँडा गोरेटो बाटो निर्माण, म्यागङ ६ | 1,50,000 | |
| ९. | होक्तोङ टोल हुँदै माने जाने सिढी निर्माण, म्यागङ ६ | 1,00,000 | |
| १०. | अन्तरटोल देखि पुच्छरटोल जोड्ने गोरेटो बाटो निर्माण, म्यागङ ३ | 1,25,000 | |
| ११. | फलाँटे नया गुम्बा जाने सिढी निर्माण, म्यागङ ६ | 1,00,000 | |
| १२. | अन्तरटोल गोरेटो बाटो मर्मत, म्यागङ ३ | 1,50,000 | |
| १३. | डङोब्ले कलेरी सिढी गोरेटो बाटो निर्माण, म्यागङ ६ | 1,00,000 | |
| १४. | भञ्ज्याङ भेदी भञ्ज्याङ पुरनपानी सडक, म्यागङ ६ | 7,75,000 | |
| १५. | गाउँपालिका थप कम्पाउन्ड वाल निर्माण (VO) | 26,29,448.09 | |
| १६. | देउराली मा.वि. | 2,00,000 | |
| १७. | फलाँटे युवा क्लब भवन निर्माण, म्यागङ ६ | 1,50,000 | |
| १८. | म्यागङ गाउँपालिका युवा क्लब (भलिबल प्रतियोगिता कार्यक्रम) | | सम्झौता अनुसार |
| १९. | म्यागङ गाउँपालिका युवा क्लब (फुटबल प्रतियोगिता कार्यक्रम) | | |

**प्रस्ताव नं ४ – गाडीभाडा भुक्तानी सम्बन्धमा।**

**निर्णय नं. ४-** प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिका अध्यक्षज्यूले भाडामा प्रयोग गर्दै आईरहनुभएको सवारी साधन नं. बागमती प्रदेश ३-०१ च ०४९२ को ISUZU, सवारीधनी श्री राम सिंह लामालाई सम्झौता बमोजिम मिति २०८०/१०/०१ देखि मिति २०८०/१०/२९ सम्मको गाडीभाडा रकम शीर्षकबाट गाडीभाडा बापत रु. १,८०,०००/- रकम भुक्तानी गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं ५ – समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं. ५-** प्रस्ताव नं. ५ उपर छलफल गर्दा कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको मिति २०८०/११/०७ को सूचना अनुसार यस गाउँपालिकाको तपशिल बमोजिमको वडालाई देहाय बमोजिमको कृषि, पशुपन्छी तथा मत्स्यजन्य उत्पादन कार्यक्रमको लागि गाउँपालिकाले व्यहोर्नुपर्ने २० प्रतिशत लागत साझेदारीका लागि कार्यक्रम छनौट भएमा बजेट व्यवस्था गर्ने प्रतिबद्धता सहितको निर्णय गरियो।

**तपशिल**

| क्र.सं. | वडा नं. | प्रस्तावित कार्यक्रम क्षेत्र | कैफियत |
|---|---|---|---|
| १. | वडा नं. ३, देउराली | आलु/तरकारी | कृषिजन्य बाली |
| २. | वडा नं. ४, किम्ताङ | रेन्बो ट्राउट/बाख्रा | पशुपन्छीजन्य बस्तु |

**प्रस्ताव नं ६ – रकमान्तर सम्बन्धमा।**

**निर्णय नं. ६-** प्रस्ताव नं. ६ उपर छलफल गर्दा प्रोत्सहान भत्ता शीर्षकबाट रु. ४,००,०००/- घटाई घरभाडा शीर्षकमा रु. २,००,०००/- र विविध खर्च कार्यालय प्रयोजन शीर्षकमा रु. २,००,०००/- रकमान्तर गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ७ – खानेपानी आयोजनाको DPR गरिए बापतको भुक्तानी सम्बन्धमा।**

**निर्णय नं. ७-** प्रस्ताव नं. ७ उपर छलफल म्यागङ गाउँपालिका वडा नं. ३ एक घर एक धारा निर्माण योजना, म्यागङ-३ को लागि रु. १ करोड बजेट विनियोजन भएकोमा सो आयोजनाको कन्टेन्जेन्सीबाट खरिद इकाईको निर्णय अनुसार सूचीकृत फर्महरुबाट दरभाउ मग्दा सबै भन्दा कम कबोल गरिएको Soundness Engineering Consultancy Pvt. Ltd. ले उक्त खानेपानी आयोजनाको DPR सम्पन्न गरी पेश गरिएको प्रतिवेदन प्राविधिकबाट मूल्याङ्कन भएकोले सम्झौता बमोजिमको रु. १,९७,०००/- रकम भुक्तानी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ८ – योजना शीर्षक संशोधनका लागि अनुरोध गर्ने सम्बन्धमा।**

**निर्णय नं. ८-** प्रस्ताव नं. ८ उपर छलफल गर्दा चालु आ.व. २०८०/०८१ मा यस गाउँपालिका अन्तर्गत बागमती प्रदेश सरकारबाट छनोट गरिएको तपशिल बमोजिमको आयोजनाहरुको शीर्षक संशोधन गर्न आर्थिक ममिला तथा योजना मन्त्रालय, बागमती प्रदेश लाई अनुरोध गर्ने निर्णय गरियो।

तपशिल:

| क्र.सं. | प्राप्त आयोना शीर्षक | संशोधन हुनुपर्ने आयोजनाको शीर्षक | कार्यान्वयन कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल आहिवासि बौद्ध धर्म विश्व शान्ति टिटुगे क्षैपिक बौद्ध गुम्बा, म्यागङ ६ | नेपाल आहिंसवादी बौद्ध धर्म विश्व शान्ति दुइदुल छ्योलिङ बौद्ध गुम्बा निर्माण, म्यागङ ६ | पर्यटन विकास आयोजना इकाई कार्यालय, काठमाडौं | प्राप्त आयोजनाको शीर्षक र संशोधन हुनुपर्ने आयोजनाको शीर्षक भएको आयोजनाहरु दुवै एउटै हो। |
| २. | नक्पो दोछेल छे रिसाल गुम्बा निर्माण, म्यागङ ६ नुवाकोट | श्री नमो बुद्ध नक्पो दोस्याल छे रिसंघ गुम्बा, म्यागङ ६ नुवाकोट | | |

**प्रस्ताव नं ९ – करार सेवामा पदपूर्ति सम्बन्धमा।**

**निर्णय नं. ९-** प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस म्यागङ गाउँपालिका वडा नं. २ स्थित श्री बुङताङ स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व. श्री अविनाश कुमार यादव कर्णाली प्रदेश लोक सेवा आयोगबाट हे.अ. पदमा सिफारिस भई नियुक्तको लागि अ.हे.व पदबाट राजिनामा दिई जानु भएकोले बुङताङ स्वास्थ्य चौकीमा उक्त अ.हे.व पद रिक्त हुन पुगेकोमा सो पदमा बागमती प्रदेश लोक सेवाबाट स्थायी सिफारिस आएमा स्वत: आवकश हुने गरी करार सेवामा पदपूर्तिका लागि विज्ञापन गर्ने भनि निर्णय गरियो।

**प्रस्ताव नं १० – विविध धर्मिक, साँस्कृतिक कार्यक्रमको खर्च भुक्तानी सम्बन्धमा।**

**निर्णय नं. १०-** प्रस्ताव नं. १० उपर छलफल गर्दा यस म्यागङ गाउँपालिका वडा नं. २ मा एकादशी अवसर परी च्यारगङ जात्रामा भएको खाजा र खानाको खर्च उपस्थितिको आधारमा बढीमा रु. २५,०००/- नबढ्ने गरी वडा अध्यक्ष श्री सन्दविर तामाङलाई सोधभर्ना भुक्तानी गर्ने निर्णय गरियो। साथै वडा नं. १ स्थित नुकर छ्युर्तेनको रङ्गरोगन तथा संचालित जात्राको खर्च रकम प्राविधिक मूल्याङ्कन तथा विल भरपाई वडा अध्यक्ष श्री जिमा तामाङलाई भुक्तानी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ११ – विविध खर्च खाताबाट खर्च गर्ने सम्बन्धमा।**

**निर्णय नं. ११-** प्रस्ताव नं. ११ उपर छलफल गर्दा विदुर न.पा. को आयोजनामा भएको विदुर मेयर कप फुटबल प्रतियोगिता, २०८० मा यस गाउँपालिकाका खेलाडीहरुले प्रथम स्थान हासिल गरी रु. ४,०४,४४४/- प्राप्त भई सो रकम गाउँपालिकाको विविध खर्च खातामा जम्मा भएकोमा उक्त पुरस्कार म्यागङ गाउँपालिका युवा क्लबलाई प्रस्तावनाको आधारमा भुक्तानी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं १२ – प्रधानमन्त्री कृषि आधुनिकरणको जोन छनोट सम्बन्धमा।**

**निर्णय नं. १२-** प्रस्ताव नं. १२ उपर छलफल गर्दा यस म्यागङ गाउँपालिकालाई गोलभेँडा तथा अन्य तरकारी उत्पादन जोन (ZONE) को रुपमा विकास गर्न प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यानव्यन इकाई, नुवाकोटलाई सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १३ – एम्बुलेन्स चालकको पारिश्रमिक सम्बन्धमा ।**

**निर्णय नं. १३-** प्रस्ताव नं. १३ उपर छलफल गर्दा यस गाउँपालिका वडा नं. ३ स्थित श्री देउराली प्राथमिक स्वास्थ्य केन्द्रमा संचालनमा रहेको एम्बुलेन्स चालकलाई पारिश्रमिक प्रति महिना रु. २४,५००/- दिने निर्णय गरियो । साथै एम्बुलेन्स सेवाबाट प्राप्त रकमलाई गाउँपालिकाको खातामा जम्मा गर्न गराउन आवश्यक निर्देशन दिने भनी निर्णय गरियो।

**प्रस्ताव नं १४ – सर्वसम्मतले पारित सम्बन्धमा।**

**निर्णय नं. १४-** प्रस्ताव नं. १४ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।